# शिक्षा, युवा तथा खेलकुद पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/३/२२**

**प्रस्तावनाः** शैक्षिक संस्थालाई व्यवस्थित र उत्साहजनक ढंगले सञ्चालन गर्न, शैक्षिक सुधारको अभियानलाई सार्थकता प्रदान गर्न, शैक्षिक संस्थामा क्रियाशील जनशक्तिलाई उत्साह प्रदान गर्न विद्यालय, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक, बाल विकास शिक्षक, विद्यार्थी, युवा, खेलाडी र विद्यालय कर्मचारीलाई उनीहरुको पेसागत विकास गर्न र कामप्रति थप उत्प्रेरणा प्रदान गर्न तथा नगरपालिकाबाट प्रदान गरिने सम्मान तथा पुरस्कारलाई व्यवस्थित एवं पारदर्शी बनाई कार्यान्वयन गर्न बान्छनीय देखिएकोले वीरेन्द्रनगर नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को उपदफा (१) ले प्रदान गरेको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो शिक्षा, युवा तथा खेलकुद पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८० स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेदः एक

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस मापदण्डको नाम **"शिक्षा, युवा तथा खेलकुद पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८० "** रहेको छ । २) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) **"मापदण्ड"** भन्नाले " शिक्षा, युवा तथा खेलकुद पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०" लाई सम्झनु पर्दछ ।

ख) **"नगरपालिका"** भन्नाले वीरेन्द्रनगर नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) **"सामुदायिक विद्यालय"** भन्नाले संघीय शिक्षा ऐन २०२८ र नगरपालिकाको शिक्षा ऐनले निर्दिष्ट गरे बमोजिमका यस नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले नगरपालिकाको शिक्षा ऐनले निर्दिष्ट गरे बमोजिमका यस नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुमा गठन भएका विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ङ) **"प्रधानाध्यापक"** भन्नाले नगरपालिकाभित्र सञ्चालित विद्यालयका प्रधानाध्यापकहरुलाई सम्झनु पर्दछ ।

च) **"शिक्षक"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका विद्यालयमा कार्यरत सम्पूर्ण प्रकार, तह र श्रेणीका शिक्षकलाई सम्झनु पर्दछ ।

छ) **"बाल विकास शिक्षक"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका विद्यालयहरुमा मातृ विद्यालय कायम गरी सामुदायिक विद्यालय वा समुदायमा सञ्चालनमा रहेको बाल विकास शिक्षक सम्झनु पर्दछ ।

ज) **"विद्यार्थी"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत् विद्यार्थी सम्झनु पर्दछ ।

झ) **"विद्यालय कर्मचारी"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका विद्यालयका कर्मचारीलाई सम्झनु पर्दछ ।

ञ) **"पुरस्कार तथा सम्मान"** भन्नाले उत्कृष्ट कार्यसम्पादन तथा नतिजा प्राप्त गरे वापत कुनै पनि व्यक्ति, संस्था वा समितिलाई प्रदान गरिने नगद, जिन्सी वा सम्मानपत्रलाई सम्झनुपर्दछ ।

## परिच्छेदः दुई

## लक्ष्य र उद्देश्य

**३) मापदण्डको लक्ष्य** : नगरपालिकाभित्र सञ्चालित विद्यालयको शैक्षिक वातावरणमा सुधार गरी गुणस्तरमा सुधार ल्याउन तथा युवा र खेलकुद क्षेत्रमा उत्कृट कार्यसम्पादन गर्ने व्यक्ति, संस्था र समितिलाई निष्पक्ष रुपमा सम्मान तथा पुरस्कार प्रदान गरी शिक्षक, विद्यार्थी, विद्यालय, कर्मचारी, युवा र खेलाडीलाई प्रोत्साहन गर्नु यस मापदण्डको लक्ष्य रहेको छ ।

**४) मापदण्डको उद्देश्य** : यस मापदण्डका उदेश्यहरु देहाय अनुसार रहेका छन् :

क) सम्मान तथा पुरस्कारलाई व्यवस्थित गर्ने ।

ख) सम्मान तथा पुरस्कारलाई पारदर्शी बनाउने ।

ग) विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी, युवा, खेलाडी तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघमा रही काम गरेका पदाधिकारीको मूल्याङ्कनको आधार तय गर्ने ।

घ) सम्मान तथा पुरस्कार छनौट तथा प्रदान गर्ने विधिको निर्धारण गर्ने ।

## परिच्छेदः तीन

## छनौट प्रक्रिया

**५. पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौट**

क) नगरपालिकाबाट प्रदान गरिने पुरस्कार तथा सम्मान पाउने प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय, विद्यालयका कर्मचारी, युवा, खेलाडी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीको अन्तिम नामावली पुरस्कार तथा सम्मान निर्देशन तथा सिफारिश समितिले गर्नेछ ।

ख) पुरस्कार तथा सम्मानको संख्या, प्रकार तथा रकम विनियोजित बजेटको परिधिभित्र रही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

ग) शिक्षक, विद्यार्थी, विद्यालय, विद्यालयका कर्मचारी, युवा, खेलाडी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीको कार्यसम्पादन तथा नतिजाको मूल्याङ्कनको आधार परिच्छेद ४ ले तोके बमोजिम हुनेछ ।

घ) पुरस्कार तथा सम्मानको लागि तथ्याङ्क संकलन, मूल्याङ्कन तथा सम्भावित नाम सिफारिशको लागि देहाय बमोजिमको निर्देशन तथा सिफारिश समिति गठन गरिनेछः

| | |
|---|---|
| नगर प्रमुखः | संयोजक |
| नगर उपप्रमुखः | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| सामााजिक विकास समितिको संयोजकः | सदस्य |
| संस्थागत विकास तथा सुशासन समितिका संयोजकः | सदस्य |
| शाखा प्रमुखः | सदस्य सचिव |

ङ) समितिको बैठक आवश्यकता अनुरुप बस्न सक्नेछ ।

च) यस मापदण्डमा अन्यत्र जस्तोसुकै व्यवस्था गरिएको भए पनि विद्यालयबाट सिफारिस भए वा नभएता पनि शैक्षिक क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिहरुलाई समेत समितिबाट पुरस्कृत र सम्मान गर्न सकिनेछ ।

## परिच्छेदः चार

## मुल्याङ्कनको आधार

६) पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौटका मापदण्डहरु :

६.१) विद्यालय पुरस्कारको लागि विद्यालय छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ :

क) विद्यार्थीको औषत सिकाइ उपलब्धि (अन्तिम कक्षाको): २५ अंक

ख) नवप्रवर्तनात्मक कार्य र अतिरिक्त क्रियाकलापको सञ्चालन तथा व्यवस्थापनः ५ अंक

ग) क्यालेण्डरको कार्यान्वयन र विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनः १० अंक

घ) बालमैत्री, छात्रामैत्री र अपांगमैत्री सिकाइ अनुकूलको वातावरणको निर्माणः १० अंक

ङ) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन (समन्वय, सहकार्य, सेवा प्रवाह, विद्यालय सुशासन, समग्र व्यवस्थापन, अभिभावक र विद्यार्थीको विश्वास आदि): ५० अंक

६.२) प्रधानाध्यापक पुरस्कारको लागि प्रधानाध्यापक छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछः

क) विद्यार्थीको औषत सिकाइ उपलब्धि (अन्तिम कक्षाको): २० अंक

ख) उपस्थिति र नियमितताः १० अंक

ग) योजना निर्माण र योजना कार्यान्वयनको अवस्थाः ५ अंक

घ) शैक्षिक योग्यता, तालिम र अनुभवः ५ अंक

ङ) नेतृत्व, सुशासन र टिम व्यवस्थापनः १० अंक

छ) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन (समन्वय, सहकार्य, सेवा प्रवाह, नवप्रवर्तनात्मक कार्य, समग्र व्यवस्थापन, अभिभावक र विद्यालय बिचको सम्बन्ध तथा आपसी विश्वास निर्माण आदि): ५० अंक

६.३) शिक्षक पुरस्कारको लागि शिक्षक छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछः

क) विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ३, ५, ८, १० र १२ मध्ये एक): २० अंक

ख) उपस्थिति, नियमितता, अनुशासन र नैतिकताः ५ अंक

ग) शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्था र शिक्षक सक्षमताको अवस्थाः १० अंक

घ) शैक्षिक योग्यता, तालिम र अनुभवः ५ अंक

ङ) पेसागत विकास, नैतिकता र अनुसन्धानः १० अंक

छ) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन (समन्वय, सहकार्य, सेवा प्रवाह तथा नेतृत्व शैली, उत्तरदायीत्व र जवाफदेहिता, नवप्रवर्तनात्मक कार्य, समग्र व्यवस्थापन, अभिभावक र विद्यार्थी बिचको सम्बन्ध र आपसी विश्वास निर्माण आदि): ५० अंक

६.४) बाल विकास सहयोगी कार्यकर्ता पुरस्कारको लागि वाल विकास सहयोगी कार्यकर्ता छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ ।

क) उपस्थिति, नियमितता र नैतिकता: २० अंक

ख) शैक्षणिक योजना निर्माण र कार्यान्वयनको अवस्था र शिक्षक सक्षमताको अवस्था: १० अंक

ग) शैक्षिक योग्यता, तालिम र अनुभव: १० अंक

घ) कक्षाकोठामा तालिमको प्रयोग र बालमैत्री कक्षाको व्यवस्थापन: १० अंक

ङ) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन (समन्वय, सहकार्य, सेवा प्रवाह तथा नेतृत्व शैली, उत्तरदायीत्व र जवाफदेहिता, नवप्रवर्तनात्मक कार्य, प्रधानाध्याक, अभिभावक र विद्यार्थी बिचको सम्बन्ध र आपसी विश्वास निर्माण आदि): ५० अंक

६.५) कर्मचारी पुरस्कारको लागि कर्मचारी छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ :

क) उपस्थिति, नियमितता र नैतिकता: २० अंक

ख) शैक्षिक योग्यता, तालिम र अनुभव: १० अंक

ग) नवप्रवर्तन, जवाफदेहिता र उत्तरदायित्व बहन: २० अंक

घ) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन (समन्वय, सहकार्य, सेवा प्रवाह तथा नेतृत्व शैली, समग्र व्यवस्थापन आदि): ५० अंक

६.६) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी र शिक्षाप्रेमीको पुरस्कारको छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ :

क) महत्वपूर्ण योगदान तथा नवप्रवर्तनात्मक कार्य गरेको: ३० अंक

ख) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन, विद्यालयको बिकास, शैक्षिक विकास, क्रियाशीलता, नियमितता, समुदाय परिचालन, योगदान आदि): ७० अंक

६.७) युवा प्रतिभा छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ :

क) नगरपालिकामा स्थायी बसोबास गर्दै आएको: १० अंक

ख) युवाको क्षेत्रमा नगरपालिका, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा उल्लेखनीय योगदान गरेको: २० अंक

ग) नेपाल रेडक्रस, स्काउट, बाल क्लब, युवा क्लब, युवा सञ्जाल आदि क्षेत्रमा काम गरेको अनुभव भएको: ५ अंक

घ) नगर, जिल्ला वा प्रदेशस्तरीय विभिन्न प्रकारका युवासंग सम्बन्धित कार्यक्रममा सहभागि भएको: ५ अंक

ङ) नवप्रवर्तनात्मक कार्य गरेको: १० अंक

च) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन (समन्वय, सहकार्य, नेतृत्व सीप, उत्तरदायीत्व र जवाफदेहिता, अनुशासन, नवप्रवर्तनात्मक कार्य आदि): ५० अंक

६.८) खेलाडी प्रतिभा छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ :

क) नगरपालिकामा स्थायी वसोबास गर्दै आएको: १० अंक

ख) खेलकुदका क्षेत्रमा नगरपालिका, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा सर्वोत्कृष्ट पदक प्राप्त गरेको: ५० अंक
ग) नगरपालिकामा खेल क्षेत्रको विकासका लागि गरिएको नवप्रवर्तनात्मक कार्य तथा योगदान: १० अंक

ग) दफा ५ (घ) बमोजिम गठन भएको समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन (समन्वय, सहकार्य, नेतृत्व सीप, उत्तरदायीत्व र जवाफदेहिता, अनुशासन, नवप्रवर्तनात्मक कार्य आदि): ३० अंक

६.९) विद्यार्थी पुरस्कारको लागि शिक्षक छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ:

क) विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८, १० र १२ ): १०० अंक

ख) सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनतरत् विद्यार्थीको अलग अलग मूल्यांकन गरिनेछ ।

७) यस परिच्छेदको मूल्याङ्कनका आधारहरुको लागि तथ्याङ्क संकलन तथा मुल्याङ्कनको लागि अनुसूची १ बमोजिमको फारम तथा निर्देशनको प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद: पाँच

## संशोधन, बचाउ र खारेजी

**८. संशोधन, बचाउ र खारेजी** : क) यो मापदण्ड संसोधन वा खारेज गर्न आवश्यक देखेमा नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो मापदण्डमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानुनसँग बाझिएको हद सम्म स्वत: निष्कृय हुनेछन् ।

## अनुसूची १

(बुँदा नं. ७ संग सम्बन्धित)

## पुरस्कार तथा सम्मानका लागि शिक्षा, युवा तथा खेलकुद पुरस्कार तथा सम्मानका लागि भर्नुपर्ने फाराम

### क) विद्यालयको मूल्याङ्कनका लागि

विद्यालयको नाम :

ठेगाना :

सञ्चालित तह र कक्षा:

**अ) सिकाइ उपलब्धि** (विद्यालयको अन्तिम कक्षाको प्राप्ताङ्क जिपिएमा उल्लेख गर्ने)

| कक्षा ३ | | कक्षा ५ | | कक्षा ८ | | कक्षा एस.इ.इ. | | कक्षा १२ | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि |
| | | | | | | | | | |
| | | | | | | | | | |

वि.व्य.स.अध्यक्षको नाम:

दस्तखत:

मिति:

प्रधानाध्यापकको नाम:

दस्तखत:

मिति:

### मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्ककर्ता | मूल्याङ्ककर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | विद्यार्थीको औषत सिकाइ उपलब्धि (अन्तिम कक्षाको) | २५ | | शाखा अधिकृत | |
| (ख) | नवप्रवर्तनात्मक कार्य र अतिरिक्त क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन | ५ | | शाखा अधिकृत | |
| (ग) | क्यालेण्डरको कार्यान्वयन र विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | १० | | शाखा प्रमुख | |
| (घ) | बालमैत्री, छात्रामैत्री र अपांगमैत्री सिकाइ अनुकूलको वातावरणको निर्माण: | १० | | शाखा प्रमुख | |
| (ङ) | समग्र कार्यसम्पादन मूल्याङ्कन | ५० | | समितिको निर्णयानुसार | |
| | जम्मा | १०० | | | |

## ख) प्रधानाध्यापकको मूल्याङ्कनका लागि

प्रधानाध्यापकको नाम :

तह र श्रेणी

योग्यता:

नियुक्ति मिति:

विषय

हाल कार्यरत् विद्यालयको नाम ठेगाना :

**अ) सिकाइ उपलब्धि** (विद्यालयको अन्तिम कक्षाको प्राप्ताङ्क जिपिएमा उल्लेख गर्ने)

| कक्षा ३ | | कक्षा ५ | | कक्षा ८ | | कक्षा एस.इ.इ. | | कक्षा १२ | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आ) उपस्थिति र नियमितता (अघिल्लो शैक्षिक सत्रको)**

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काजमा रहेको दिन | जम्मा रुजु हाजिरी दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

वि.व्य.स.अध्यक्षको नाम:

दस्तखत:

मिति:

प्रधानाध्यापकको नाम:

दस्तखत:

मिति:

### मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्ककर्ता | मूल्याङ्ककर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | विद्यार्थीको औषत सिकाइ उपलब्धि (अन्तिम कक्षाको) | २० | | शाखा अधिकृत | |
| (ख) | उपस्थिति र नियमितता | १० | | शाखा अधिकृत | |
| (ग) | योजना निर्माण र योजना कार्यान्वयनको अवस्था | ५ | | शिक्षा शाखा प्रमुख | |
| (घ) | शैक्षिक योग्यता, तालिम र अनुभव | ५ | | शाखा अधिकृत | |
| (ङ) | नेतृत्व, सुशासन र टिम व्यवस्थापन | १० | | शाखा प्रमुख | |
| (च) | समग्र कार्यसम्पादन मूल्याङ्कन | ५० | | समितिको निर्णयानुसार | |
| | जम्मा | १०० | | | |

## ग) शिक्षकको मूल्याङ्कनका लागि (एक जना शिक्षकका लागि एउटा फाराम प्रयोग गर्नुहोस् ।)

शिक्षकको नाम : तह र श्रेणी

योग्यता: नियुक्ति मितिः विषय

हाल कार्यरत् विद्यालयको नाम ठेगाना :

**अ) कक्षागत औसत सिकाइ उपलब्धि** (कुनै एक कक्षाको एउटा विषयको सैद्धान्तिक प्राप्ताङ्क जिपिएमा उल्लेख गर्ने)

| कक्षा ३ | | कक्षा ५ | | कक्षा ८ | | कक्षा एस.इ.इ. | | कक्षा १२ | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि | विद्यार्थी संख्या | सिकाइ उपलब्धि |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आ) उपस्थिति र नियमितता (अघिल्लो शैक्षिक सत्रको)**

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काजमा रहेको दिन | जम्मा रुजु हाजिरी दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रधानाध्यापकको नाम: शिक्षकको नाम:

दस्तखत: दस्तखत:

मिति: मिति:

### मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कर्ता | मूल्याङ्कर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ३, ५, ८, १० र १२ मध्ये एक) | २० | | शाखा अधिकृत | |
| (ख) | उपस्थिति, नियमितता, अनुशासन र नैतिकता | ५ | | शाखा अधिकृत | |
| (ग) | शैक्षणिक योजना निर्माण र कार्यान्वयनको अवस्था र शिक्षक सक्षमताको अवस्था | १० | | शिक्षा शाखा प्रमुख | |
| (घ) | शैक्षिक योग्यता, तालिम र अनुभव | ५ | | शाखा अधिकृत | |
| (ङ) | पेसागत विकास, नैतिकता र अनुसन्धान | १० | | शाखा प्रमुख | |
| (च) | समग्र कार्यसम्पादन मूल्याङ्कन | ५० | | समितिको निर्णयानुसार | |
| | जम्मा | १०० | | | |

## घ) वाल विकास शिक्षकका लागि

बाल विकास शिक्षकको नाम : नियुक्ति मितिः

मातृ विद्यालयको नाम र ठेगाना : योग्यताः

### अ) उपस्थिति र नियमितता (अघिल्लो शैक्षिक सत्रको)

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काजमा रहेको दिन | जम्मा रुजु हाजिरी दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**बाल विकास कक्षामा सञ्चालन गरेका कुनै पाँचवटा नवप्रवर्तनात्मक कार्यहरुः**

१)

२)

३)

४)

५)

प्रधानाध्यापकको नामः वाल विकास शिक्षकको नामः

दस्तखतः दस्तखतः

मितिः मितिः

### मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कर्ता | मूल्याङ्कर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | उपस्थिति, नियमितता र नैतिकता | २० | | शिक्षा शाखा प्रमुख | |
| (ख) | शैक्षणिक योजना निर्माण र कार्यान्वयनको अवस्था र शिक्षक सक्षमताको अवस्था | १० | | शिक्षा शाखा प्रमुख | |
| (ग) | शैक्षिक योग्यता, तालिम र अनुभव | १० | | शाखा अधिकृत | |
| (घ) | कक्षाकोठामा तालिमको प्रयोग र बालमैत्री कक्षाको व्यवस्थापन | १० | | शाखा अधिकृत | |
| (ङ) | समग्र कार्यसम्पादन मूल्याङ्कन | ५० | | समितिको निर्णयानुसार | |
| | जम्मा | १०० | | | |

### ङ) विद्यालय कर्मचारीका लागि

कर्मचारीको नाम :　　　　　　　　　　　　　　　　　　पदः

कार्यरत विद्यालयको नाम ठेगाना :　　　　　　　　　　　　नियुक्ति मितिः

योग्यताः

अ) उपस्थिति र नियमितता (अघिल्लो शैक्षिक सत्रको)

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काजमा रहेको दिन | जम्मा रुजु हाजिरी दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**विद्यालयमा सम्पादन गरेका कुनै पाँचवटा अनुकरणीय कार्यहरुः**

१)

२)

३)

४)

५)

प्रधानाध्यापकको नामः　　　　　　　　　　　　　　　　कर्मचारीको नामः

दस्तखतः　　　　　　　　　　　　　　　　　　　　　दस्तखतः

मितिः　　　　　　　　　　　　　　　　　　　　　　मितिः

मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कनकर्ता | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | उपस्थिति, नियमितता र नैतिकता | २० | | शाखा अधिकृत | |
| (ख) | शैक्षिक योग्यता, तालिम र अनुभव | १० | | शाखा अधिकृत | |
| (ग) | नवप्रवर्तन, जवाफदेहिता र उत्तरदायित्व बहन | २० | | शाखा प्रमुख | |
| (घ) | समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन | ५० | | समितिको निर्णयानुसार | |
| | जम्मा | १०० | | | |

**च) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका प्रतिनिधी तथा शिक्षाप्रेमीको पुरस्कारका लागि**

कार्यरत विद्यालयको नाम:

पदाधिकारी वा शिक्षाप्रेमीको नाम थर: पद:

अनुभव (बर्षमा):

**विद्यालयको समग्र शैक्षिक सुधारका लागि आफूले गरेका कुनै ५ वटा महत्वपूर्ण तथा नवप्रवर्तनात्मक कार्यहरु:**

१)

२)

३)

४)

५)

प्रधानाध्यापकको नाम:

दस्तखत:

मिति:

पदाधिकारीको नाम र पद:

दस्तखत:

मिति:

मूल्याङ्कन तालिका

| क.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कनकर्ता | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | महत्वपूर्ण योगदान तथा नवप्रवर्तनात्मक कार्य | ३० | | शाखा अधिकृतको सिफारिशमा शाखा प्रमुख | |
| (ख) | समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन | ७० | | समितिको निर्णयानुसार | |

**छ) युवा सम्मानका लागि**

नाम : स्थायी ठेगाना:

कार्यरत भए संस्थाको नाम ठेगाना : पद:

नागरिकता नंबर, लिएको जिल्ला र मिति:

योग्यता: अनुभव:

**युवाको क्षेत्रमा गरिएका उल्लेखनीय पाँच योगदान:**

१)

२)

३)

४)

५)

युवाको नाम:

दस्तखत:

मिति:

मूल्याङ्कन तालिका

| क.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्ककर्ता | मूल्याङ्ककर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | नगरपालिकामा स्थायी बसोबास गर्दै आएको | १० | | शाखा अधिकृत | |
| (ख) | युवाको क्षेत्रमा नगरपालिका, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा उल्लेखनीय योगदान गरेको | २० | | शाखा प्रमुख | |
| (ग) | नेपाल रेडक्रस, स्काउट, बाल क्लब, युवा क्लब, युवा सञ्जाल आदि क्षेत्रमा काम गरेको अनुभव भएको | ५ | | शाखा प्रमुख | |
| (घ) | नगर, जिल्ला वा प्रदेशस्तरीय विभिन्न प्रकारका युवासंग सम्बन्धित कार्यक्रममा सहभागि भएको | ५ | | शाखा अधिकृत | |
| (ङ) | नवप्रवर्तनात्मक कार्य गरेको | १० | | शाखा प्रमुख | |
| (च) | समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन | ५० | | समितिको निर्णयानुसार | |
| | जम्मा | १०० | | | |

## ज) खेलाडी सम्मानका लागि

नाम :

स्थायी ठेगाना

नागरिकता नम्बर:

नागरिकता लिइएको जिल्ला र मिति:

कार्यरत भए संस्थाको नाम ठेगाना :

पद:

योग्यता:

तालिम:

**हालसम्म जितेका पदकहरुको विवरण**

| खेलको नाम | खेलको प्रकार | खेल सञ्चालन भएको स्थान र मिति | प्राप्त पदक र पुरस्कारको प्रकार | पदक र पुरस्कार प्रदान गर्ने संस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**खेलको क्षेत्रमा गरिएका उल्लेखनीय पाँच योगदान:**

१)

२)

३)

४)

५)

खेलाडीको नाम:

दस्तखत:

मिति:

### मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कनकर्ता | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | नगरपालिकामा स्थायी बसोबास गर्दै आएको | १० | | शाखा अधिकृत | |
| (ख) | खेलकुदका क्षेत्रमा नगरपालिका, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा सर्वोत्कृष्ट पदक प्राप्त गरेको | ५० | | शाखा प्रमुख | |
| (ग) | नगरपालिकामा खेल क्षेत्रको विकासका लागि गरिएको नवप्रवर्तनात्मक कार्य तथा योगदान | १० | | शाखा अधिकृत | |
| (घ) | समितिबाट समग्र कार्यसम्पादन मूल्याङ्कन | ३० | | समिति | |
| | जम्मा | १०० | | | |

**झ) उत्कृष्ट विद्यार्थीको मूल्याङ्कनका लागि (एक जना विद्यार्थीका लागि एउटा फाराम प्रयोग गर्नुहोस् ।)**

विद्यार्थीको नाम :

अध्ययनतरत् कक्षा: वर्ग: रोल्नं:

ठेगाना:

हाल अध्ययनरत् विद्यालयको नाम ठेगाना :

विद्यालयको प्रकार : सामुदायिक/संस्थागत

**अ) कक्षागत औसत सिकाइ उपलब्धि** (कुनै एक कक्षाको एउटा विषयको सैद्धान्तिक र प्रयोगात्मक प्राप्ताङ्क जि.पि.ए.मा उल्लेख गर्ने)

| कक्षा ८ | | कक्षा एस.इ.इ. | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| सैद्धान्तिक | प्रयोगात्मक | सैद्धान्तिक | प्रयोगात्मक | सैद्धान्तिक | प्रयोगात्मक |
| | | | | | |
| | | | | | |

प्रधानाध्यापकको नाम: विद्यार्थीको नाम:

दस्तखत: दस्तखत:

मिति: मिति:

विद्यालयको छाप

मूल्याङ्कन तालिका

| क.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्ककर्ता | मूल्याङ्ककर्ताको सही |
|---|---|---|---|---|---|
| (क) | विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८, १० र १२ मध्ये एक) | १०० | | शाखा अधिकृत | |

## फाराम भर्ने निर्देशन :

१. पुरस्कार तथा सम्मानका लागि शिक्षक र कर्मचारीको सन्दर्भमा विद्यालयले अनिवार्य रुपमा फाराम भरी सिफारिस गरी तोकिएको मितिभित्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ ।

२. प्रधानाध्यापक र शिक्षकको नाम सिफारिस गर्दा सम्बन्धित तह, कक्षा र बिषयको बार्षिक परीक्षाको मार्कलेजर प्रमाणित गरी फारामसाथ संलग्न गर्नुपर्नेछ ।

३. कुनै पनि पुरस्कार तथा सम्मानका लागि सहभागी हुने र माग दाबी तथा सिफारिस गर्ने विद्यालय, प्रधानाध्यापक र शिक्षकले अनिवार्य रुपमा विद्यालयको मूल्यांकन फाराममा उल्लेख भए बमोजिम औसत सिकाइ उपलब्धि फाराम भर्नुपर्नेछ ।

४. प्रधानाध्यापक, शिक्षक र कर्मचारीको नाम सिफारिस गर्दा फाराममा उल्लेखित उपस्थिति विवरण अनिवार्य भर्नुपर्नेछ ।

५. एक भन्दा बढी शिक्षकहरुको नाम सिफारिस गर्नुपर्दा प्रत्येक शिक्षकको अलग अलग फाराम भरेर पेश गर्नुपर्नेछ । साथै प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधी, शिक्षक अभिभावक संघका प्रतिनिधी, शिक्षाप्रेमी मध्ये नाम सिफारिस भएजति सबैको अलग अलग फाराम भरेर पठाउनु पर्नेछ ।

७. उत्कृष्ट विद्यालय पुरस्कारका लागि दाबी गर्ने विद्यालयले प्रमाण सहित माग दाबी गर्नुपर्नेछ ।

८. युवा र खेलकुद सम्मानतर्फ फाराम भर्ने व्यक्तिहरुले आफूले गरेका उत्कृष्ट कार्य तथा सम्मान दाबी गर्नका लागि आफू वीरेन्द्रनगरमा स्थायी रुपमा बसोबास गर्ने प्रमाण र सम्बन्धित वडाको सिफारिशसहित आवश्यक प्रमाणहरु पेश गर्नुपर्नेछ ।

९. विद्यार्थीले अघिल्लो शैक्षिक सत्रमा कक्षा ८ वा एस. इ. इ. वा १२ मध्ये कुनै एउटा कक्षामा आफूले प्राप्त गरेको सिकाइ उपलब्धि देखिने लब्धांक पत्र पेश गर्नुपर्नेछ ।

आज्ञाले,

गेहेन्द्र बहादुर डाँगी

प्रमुख प्रशाकीय अधिकृत